# General Practice & Emergency Medicine Association Of Nepal (GPEMAN)

## प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपाल

## विधान (२०७४)

**प्रस्तावनाः**

मानव सेवा र हितको भावनालाई आत्मसातगर्दै शिक्षा तथा स्वास्थ्य जस्ता मुलभुत कुराहरुमा स्तरिय सेवा प्रदान गर्ने उदेश्यले, सबैमा सर्वसुलभ सेवा प्रदानगर्दै सामाजिक रुपान्तरण गर्नको लागि सेवा मुलक संघको स्थापनार्थ यो बिधान तयार पारिएको छ । यस संघलाइ **प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपाल** नामाकरण गरी प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा सेवामा सङ्लग्न चिकित्सकहरुको सामुहिक प्रयासबाट देशमा प्राथमिक तथा आकस्मिक चिकित्सा बिज्ञान को समुचित बिकास गरी देशबासीमा यो सेवा अझ बढी प्रभावकारी रुपमा पुर्याउनु र पेशागत शिप र ज्ञानको सम्बर्धन गरी पेशा मा संलग्न विशेषज्ञ हरुको हक र हित को पनि संरक्षण गर्दै स्वास्थ्य शिक्षा, प्रबिधीका लागि बिभिन्न कार्यक्रमहरु तर्जुमा गर्ने तथा कार्यन्वयन गराउने लक्ष्य राखिएको छ । यो संघ मुनाफा रहित, गैर राजनैतिक, गैर धार्मिक, जनहितकारी सामाजिक संघ हुनेछ। यो बिधान संस्था ऐन २०३४ को अधिनमा रहि तर्जुमा गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संघको नाम :**

यस् संघको नाम नेपालीमा प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपाल र अँग्रेजी मा **General Pratice and Emergency Medicine Association of Nepal** हुनेछ । यस संघ लाई छोट्करी मा GPEMAN भनिने छ।

क. संघको कार्यालय रहने ठेगाना :
संघको कार्यालय का.म.न.पा. वडा नं. २८...नेपालमा रहने छ ।

ख. संघको कार्यक्षेत्र :
यस संघको मुख्य कार्य क्षेत्र काठमाडौं जिल्ला हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानिय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्यभित्र कार्य क्षेत्र विस्तार गरिनेछ ।

ग. प्रारम्भ :
यो विधान संघ दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ. संघको अस्तित्व :
यो संघ एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी व्यावसायिक सामाजिक संघ हुनेछ । संघबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श गर्ने कार्य गरिने छैन ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो विधानमाः

क. विधान भन्नाले प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपालको विधान २०७४ लाई सम्झिनु पर्दछ ।

ख. संघ भन्नाले प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपाललाई जनाउंने छ ।
ग. समिति भन्नाले दफा १३ बमोजिम गठन हुने संघको कार्यसमिती सम्फिनु पर्दछ ।
घ. सभा भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभा समेतलाई जनाउँछ ।
ङ. पदाधिकारी भन्नाले कार्यसमितिका सबै तहका सदस्यलाई सम्फिनु पर्दछ ।
च. नियम, विनियम भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमलाई जनाउँछ ।
छ. स्थानिय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।
ज. तोकिएको वा तोकिए बमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्फिनु पर्दछ ।
झ. स्थानीय निकाय भन्नाले गाविस, महानगर, उपमहानगर, नगरपालिका र जि.वि.स.लाई जनाउने छ।
ञ. अध्यक्ष भन्नाले सदस्यहरु मध्येवाट साधारण सभाले निर्वाचीत गरेको कार्यसमितिको अध्यक्षलाई सम्फिनु पर्दछ ।
ट. सचिव भन्नाले सदस्यहरु मध्येबाट साधारण सभाले निर्वाचित गरेको कार्यसमितिको सचिवलाई सम्फिनु पर्दछ ।
ठ. बैठक भन्नाले कार्यसमितिको बैठकलाई जनाउने छ ।
ड. कर्मचारी भन्नाले संघको साधारण सभावाट स्विकृत भै लागु हुने कर्मचारी नियमावलीमा तोकिएका बैतनिक वा अबैतनिक रुपमा संघको उदेश्य पूर्तिका लागि तोकिएको समयावधिका लागि तोकिएको काम गर्ने व्यक्ति, समुदाय वा समुहलाई सम्फिनु पर्दछ ।

## ३. संघको छाप र चिन्ह :

प्रचलित व्यवस्थाको प्रतिकूल नहुनेगरी संघको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । यस संघको छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संघको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संघसँग मेल खाएमा संशोधन गरिने छ ।

# परिच्छेद २
# उद्देश्य

## ४. संघको उद्देश्य :

संघको उद्देश्य देहाय बमोजिम रहनेछ :

क) प्राथमिक स्वास्थ्य तथा आकस्मिक क्षेत्रको सम्बर्द्धन र प्रवर्द्धनका लागि प्राथमिक चिकित्सा तथा आकस्मिक चिकित्सा क्षेत्रमा सम्लन चिकित्सकहरुलाई लक्षित गरी समुचित बिकास गर्दै देशबासीमा यो सेवा अझ बढी प्रभावकारी रुपमा पुर्याउनु र पेशागत शिप र ज्ञानको सम्वर्धन गर्ने,
ख) संघका सदस्यहरुमा प्राथमिक स्वास्थ्य तथा आकस्मिक चिकित्साको दक्षता अभिबृद्धीका लागि उच्च स्तरीय तालिमको आयोजना गर्दै अनवरत रुपमा काम गर्ने,
ग) प्राथमिक स्वास्थ्य तथा आकस्मिक चिकित्सा क्षेत्रमा कार्यरत चिकित्सकहरुलाई सकिृय सहभागि बनाउदै यस क्षेत्र को बिकासमा मद्दत पुर्याउने,
घ) विभिन्न कार्यक्रमहरुको संचालन गरी आफ्नो सदस्यहरु माझ अनुभव साटासाट गर्ने,
ङ) संघका सदस्यहरुको क्षमता अभिबृद्धीका लागि राष्ट्रियं तथा अन्तराष्ट्रिय सरोकारवाला संघ संस्थासँग समन्वय गर्ने,
च) नेपालमा प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा सेवा सम्बन्धी जनचेतना मुलक कार्यक्रम गर्ने,
छ) प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा सेवा सर्वसुलभ बनाउन सरोकारवाला संघ संस्थासँग आवश्यक सहकार्य गर्ने,
ज) प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा सेवाको क्षेत्रमा प्रगती र अनुसन्धान को लागि हुने प्रयासलाई सक्दो प्रोत्साहन दिने, त्यसका लागि पत्रिका प्रकाशन, चिकित्सा पुस्तकालय स्थापना, गोष्ठी, तालिम, छात्रबृत्ती, पुरस्कार आदि संघको नियमानुसार गर्नेछ ।

झ) विधानमा उल्लेखित उद्देश्यहरु हासिल गर्न कार्य संचालन वा व्यवसाय गर्दा स्वास्थ्य सम्बन्धी ऐन नियमावलीले तोकिएको मापदण्ड र सम्बन्धित नियकाको पूर्व स्वीकृति लिई कार्य गरिने छ ।

## ५. संघको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :

यस संघले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

क) संघले प्रचलित नेपालको कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्ने छ ।

ख) संघलाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) संघलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा सर्तहरु निर्धारण गर्नेछ ।

घ) आवश्यक स्वीकृति लिई संघको उद्देश्य पुरा गर्न अन्य कार्य गर्नेछ ।

# परिच्छेद ३
# सदस्यता

## ६. सदस्यहरुको वर्गिकरण :

यस संघमा देहाय बमोजिम छ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ ।

### (क) संस्थापक सदस्य (Founder Member):

यस संघको स्थापना कालमा बिभिन्न समयमा अनवरत रूपमा काम गर्दै, यस्को स्थापना लाई मुर्तरूप दिनमा बिशेष योगदान दिने व्यक्तिहरूलाई संस्थाको कार्यकारिणी समितिको निर्णय बमोजिम संस्थापक सदस्य प्रदान गर्न सकिनेछ । संस्थापक सदस्यहरूले सम्पूर्ण अधिकार अर्थात मतदान र कार्यकारिणी को चुनाव मा प्रतिस्प्रर्धा गर्न पाउने छन् ।

(ख) **साधारण सदस्य (General Member):** कुनै पनि नेपाली नागरिक जनरल प्राक्टिक्स तथा इमरजेन्सी सेवामा अध्ययनरत व्यक्ति साधारण सदस्यका लागी योग्य हुने छन । साधारण सदस्यले एकमुष्ठ रू. १००० अक्षरेपी रू. एकहजार पांचसय प्रत्येक आर्थिक बर्षमा तिर्नपर्ने छ । साधारण सदस्यहरूले मतदान अधिकार पाउने छैनन् ।

### (ग) आजीवन सदस्य (Life Member)

यस्तो व्यक्ति जो आफ्नो पेशागत जीवनकाल भरी यस संस्थासँग आवद्ध रहन प्रतिवद्ध हुन्छ, त्यसलाई आजीवन सदस्य भनिन्छ । सदस्य बन्न योग्यता पुगेका व्यक्तिले यस्तो सदस्यताको लागि तोकिएको शुल्क सहित दरखास्त गरेमा कार्य समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सकिनेछ ।

### (घ) मानार्थ सदस्य (Honorary member)

कार्यसमितिको निर्णयले उपयुक्त ठानेको खण्डमा GP/GPMEN बिषयमा महत्वपूर्ण योगदान गरेको व्यक्ति, समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

(ङ) **सह सदस्य (Associate Member)**

General Practice/GP & Emergency Medicine विषयमा स्नातकोत्तर गरी रहेको व्यक्तिले तोकिएको शुल्क बुझाई आवश्यक कागजातहरु पेश गरेमा कार्य समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सकिनेछ ।

(च) **संस्थागत सदस्य (Institutional Member)**

समान उद्धेश्य भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुले GPEMAN को सदस्यता लिन चाहेमा र तोकेको शुल्क सहित निवेदन दिएमा कार्य समितिको निर्णयले यस्तो सदस्यता प्रदान गर्न सकिनेछ ।

## ७. साधारण सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संघको साधारण सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क) नेपाली नागरिक भएको ।
ख) २१ वर्ष उमेर पुरा गरेको ।
ग) मानसिक सन्तुलन नगुमाएको ।
घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।
च) जनरल प्राक्टिक्सनर इमरजेन्सी सेवा मा विशेषज्ञता हासिल गरेको वा उक्त क्षेत्रमा अध्ययनरत कुनै पनि नेपाली नागरिक साधारण सदस्यका लागी योग्य हुने छन ।

## ८. संघको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

देहायको अवस्थामा कुनै व्यक्ति संघको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) २१ वर्ष उमेर पुरा नगरेको ।
ख) मानसिक सन्तुलन गुमाएको ।
ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।
घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।
ङ) सम्वन्धित संघको व्यवसायमा नीजि स्वार्थ भएको ।
च) साहूको दामासाहीमा परेको ।
छ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाँझी गरेका वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

## ९. सदस्यताको समाप्ति :

१. देहायको अवस्थामा कुनै व्यक्ति संघको सदस्यमा बहाल रहने छैन ।

क. यस विधानको दफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
ख. साधारण सभाको ७५ प्रतिशतको सदस्यहरुको बहुमतले संघको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।
ग. सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।
घ. संघको काम कारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
ङ. यस विधान बमोजिम प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपालले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।
च. सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।
छ. संघ विघटन भै खारेज भएमा ।
ज. कार्यसमितिका पदाधीकारिहरु नेपाल ामुदायिक चिकित्सा संघ नेपाल जस्तै अरु कुनै संघ वा संस्था को माथिल्लो तहमा नियुक्त भएमा स्वतः आफ्नो पदबाट राजिनामा दिनुपर्ने छ ।

२. कुनै व्यक्ति संघको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संघले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुत पेश गर्ने मौका दिने छ ।

## १०. सदस्यता शूल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको परिच्छेद-३, दफा ५ बमोजिमका सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् । आवेदन फाराम नए्भब्ल को कार्यालय वा वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ । आवेदन फाराम अनुसुचि-२ अनुसारको हुनेछ । सदस्यताको प्रमाण स्वरुप संगठनको चिन्ह र सदस्यता क्रमसंख्या सहितको प्रमाणपत्र तथा परिचयपत्र प्रदान गरिनेछ । यस्तो प्रमाणपत्र अध्यक्ष र महासचिवद्वारा हस्ताक्षर गरिएको हुनेछ।

१) संस्थापक सदस्यः

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु तथा पहिलो बैठकमा उपस्थित सदस्यहरु सँस्थापक सदस्य रहनेछन् ।

ख) संस्थापक सदस्यहरूले संस्था दर्ता गर्दाको बखत वा संस्था दर्ता भएको मितिले ३० दिन भित्र एकमुष्ट रकम रू ५०००।-(अक्षरेपी पाँचहजार मात्र) बुझाउनु पर्नेछ, तत्पश्चात उनीहरु स्वत आजीवन सदस्य सरह हुनेछन् ।

ग) यस्ता व्यक्तिहरु यस विधानको परिच्छेद ३, दफा ६ को उपदफा १ अनुसार योग्यता पुगेको हुनुपर्नेछ ।

२) साधारण सदस्यः

क) यस विधानको परिच्छेद ३, दफा ६ को उपदफा १ अनुसार योग्यता पुगेको व्यक्तिले साधारण सदस्यता प्राप्त गर्न चाहेमा प्रवेश शुल्क वापत रु.३०००।/- बुझाई तोकिएको प्रकृया अनुसार फाराम भरी आवेदन पेश गरेमा कार्यसमितिको निर्णयले सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) साधारण सदस्यले नविकरण शुल्क रु.५००।/- बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्यता प्राप्त गर्ने सदस्यले प्रत्येक ३ वर्षमा नेपाल सरकारको आर्थिक बर्ष समाप्त हुनु पूर्व नविकरण गराई सक्नु पर्नेछ । त्यसपछिका हकमा तोकिए बमोजिम थप दस्तुर बुझाइ नविकरण गर्न सकिनेछ ।

३) आजीवन सदस्य

यस विधानको परिच्छेद ३, दफा ६ को उपदफा १ अनुसार योग्यता पुगेको व्यक्तिले संस्थामा एकमुष्ठ रू.५०००।-(अक्षरेपी पाँचहजार मात्र) बुझाई तोकिएको प्रकृया अन्तर्गत आवेदन दिएमा कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४) मानार्थ सदस्य

कार्यसमितिको निर्णयले उपयुक्त ठानेको समाजसेवी, विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकहरूलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । त्यस्तो सदस्यता निशुल्क हुनेछ ।

५) सह सदस्य

सह-सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु.१५००।- बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गरेमा कार्यसमितिको निर्णयले सह सदस्यता प्रदान गर्न सकिने छ । त्यस्ता सदस्यले प्रत्येक ३ वर्षमा नेपाल सरकारको आर्थिक बर्ष समाप्त हुनु पूर्व नविकरण गराई सक्नु पर्नेछ । सह-सदस्यको नविकरण शुल्क रु.५००।- हुनेछ ।

६) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा कारण सहितको जानकारी आवेदकलाई दिइनेछ।

७) सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिमको व्यवस्थाको पालना गर्नु पर्ने छ ।

८) संस्थाले प्रदान गरेको दफा ५ को उपदफा १, २, ३, ४, र ५ अनुसारको सदस्यहरूको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद ४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था

### ११. साधारण सभाको गठन :

१. यस संघको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुको संघको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संघको सर्वोच्च अंग हुनेछ ।

२. यस संघको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क. **वार्षिक साधारण सभा** : साधारण सभा १ वर्षमा १ पटक बस्नेछ ।

ख. **विशेष साधारण सभा** : संघका सम्पूर्ण सदस्यहरु मध्ये एक चौथाई सदस्यहरुले कारण जनाई बिशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्य समितिले कम्तिमा सात दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुन : विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संघको प्रथम बार्षिक साधारण सभा संघ स्थापना भएको आ.ब. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले दुई महिना भित्र गरिनेछ ।

४. यस सस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा सात दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिईनेछ ।

५. उप दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा सात दिनको म्याद दिई पुन: साधारण सभा बोलाईनेछ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

## १२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- क. कार्यसमितिले पेश गरेका योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने ।
- ख. लेखा परीक्षकबाट प्राप्त भएको बार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गर फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।
- ग. आगामी वर्षको लागि लेखा परिक्षकको नियुक्ती गर्ने ।
- घ. संघको नीति-नियमहरु तथा कार्यक्रमहरुको समिक्षा, पुनरावलोकन एवं संशोधन गर्न कार्यसमितिले पेश गरेको प्रस्ताव पारित गर्ने ।
- ङ. संघको उद्देश्य पूर्तिका लागि कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।
- च. संघको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।
- छ. आजीवन सदस्यता, साधारण सदस्यता र मानार्थ सदस्यता दिने, निलम्बन गर्ने तथा खारेजी गर्ने ।
- झ. संघको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने।

## १३. कार्य समितिको गठन :

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ~~१३ (तेह्र)~~ ११ (एघार) सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| वरिष्ठ उपाध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| सहसचिव | १ |
| कोषाध्यक्ष | १ |
| सह कोषाध्यक्ष | १ |
| सदस्यहरु | ~~६~~ ४ |

२. कार्य समितिको कार्यकाल ३ (तीन) वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनु भन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ । तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्य समितिका पदाधिाकरीहरुको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितीमा वरिष्ठ उपाध्यक्षले र वरिष्ठ उपाध्यक्षको अनुपस्थिति रहेमा उपाध्यक्षले तथा उपाध्यक्ष पनि उपस्थित नभएमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय कितावमा अभिलेख राखिनेछ र सो निर्णय विवरणमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नुपर्नेछ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

९. संघले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिनेछ ।

## १४. कार्य समितिको काम, कर्तब्य र अधिकार :

१. संघको उद्देश्य पूर्तिका लागि नियम, नीति, कार्यक्रमहरु र बजेटको तर्जुमा गरी साधारण सभामा पेश गर्ने ।
२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।
३. संघको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।
४. साधारण सभा प्रति उत्तरदायी रहने ।
५. संघको उद्देश्य प्राप्तिका लागि उपलब्ध जनसहभागीता र अन्य साधन र श्रोतको उपभोग र प्रयोग गर्ने ।
६. संघको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।
७. संघको कोष र सम्पत्तिको सुरक्षा गर्ने र बैंक खाता खोली खाता संचालन गर्ने ।
८. संघको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।
९. संघको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने ।
१०. संघको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
११. आवश्यकता अनुसारको बैठक बसि संघे गर्ने कामहरुको निर्णय गर्ने ।

## १५. पद त्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यकारिणी समक्ष र उपाध्यक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १६. अन्य समितिहरु :

१. यस विधानको परिधी भित्र रहेर संघको कार्य संचालनको लागी कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।
२. उप समितिहरुको कार्यहरु समितिले तोकी दिए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

### १७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

कार्य समितिका पदाधिकारीरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१ अध्यक्षको काम, कर्तव्य र अधिकार :**

- क. सभा र समितिको बैठकको अध्यक्षता गर्ने, बैठक संचालन गर्ने ।
- ख. निर्णायक मत दिने ।
- ग. संघको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
- घ. संघको नेतृत्व लिने ।
- ङ. आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।
- च. अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने गराउने ।
- छ. अभिलेख प्रमाणित गर्ने ।
- ज. स्वीकृत बजेटको परिधिमा रही संघ सञ्चालनको व्यवस्था गर्ने गराउने ।
- झ. कार्यक्रम निर्देशकहरुको नियुक्ती र राजीनामा स्विकृत गर्ने ।
- ञ. संघको कार्यक्रम सञ्चालनमा संलग्न निर्देशक लगायत अन्य कर्मचारी एवं सदस्यहरुको कार्य सम्पादन मुल्याङ्कन गर्ने ।
- ट. साधारण सभाले तोकेको अन्य कर्तव्यहरुको निर्वाह गर्ने ।
- ठ. कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय सहयोग प्राप्त गर्ने भएमा संझौता संपन्न गर्न आवश्यकता अनुसार नेपाल सरकारको पूर्व स्विकृती लिई संझौता गर्ने ।

**२. वरिष्ठ उपाध्यक्ष :**

- क) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।
- ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
- ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने जिम्मा लिने ।
- घ) उप-समितिहरुमध्ये कुनै एक उप-समितिको संयोजक भई कार्य गर्नुपर्ने ।

**३. उपाध्यक्ष :**

- क) वरिष्ठ उपाध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।
- ख) वरिष्ठ उपाध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।
- ग) वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने जिम्मा लिने ।

**४. महासचिवः-**

- क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने,
- ख) अध्यक्षको निर्देशन अनुसार कार्य समिति वा साधारण सभाको बैठक बोलाउने र सो बैठकको लागि छलफलका विषयहरूको सूचि तयार गर्ने,
- ग) अभिलेख सुरक्षित राख्ने,
- घ) साधारण सभाको अधिवेशन र बैठकमा भएका निर्णयहरू कार्यान्वयन गराउने,
- ङ) संस्थाको कार्यालय, शाखा कार्यालय आदिको प्रशासकीय कुरामा रेखदेख नियन्त्रण तथा निर्देशन गर्ने,
- च) कर्मचारीहरूको नियुक्ति गर्नु पर्ने भएमा सो प्रस्ताव कार्य समितिमा पेश गर्ने,
- छ) कार्य समिति र अन्य समितिहरूवीच समन्वय कायम गर्ने र संस्थाको सम्पूर्ण प्रशासनिक कार्यहरू गर्ने ।

ज) उप-समितिहरुमध्ये कुनै एक उप-समितिको संयोजक भई कार्य गर्नुपर्ने ।

५. **सहसचिवः-**

क) महा सचिवको अनुपस्थितमा महा-सचिवले गर्ने सम्पूर्ण जिम्मेवारी बहन गर्नेछ ।

ख) उप-समितिहरुमध्ये कुनै एक उप-समितिको संयोजक भई कार्य गर्नुपर्ने ।

६. **कोषाध्यक्षः**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग) लेखा दुरूस्त राख्ने,

घ) नियमित रूपमा वार्षिक लेखा परीक्षण गराउने,

ङ) संस्थाको आय व्ययको हिसाब दुरुस्त राख्ने र आय व्ययको अनुमान तथा लेखा परीक्षकको प्रतिवेदन कार्य समितिबाट स्वीकृति गराई साधारण सभामा पेश गर्ने,

च) वार्षिक कारोवार सम्बन्धी मामिलामा रेखदेख तथा नियन्त्रण गर्ने तथा त्यस सम्बन्धी आवश्यक निर्देशन दिने,

छ) संस्थाको चल अचल सम्पत्तिको जिम्मा लिने, रेखदेख गर्ने र प्रवर्द्धन गर्न योजना बनाउने,

ज) संस्थाको उद्देश्य आम्दानी वृद्धिका लागि सक्रिय रहने,

झ) नियमावली र विधानमा व्यवस्था भए अनुसार अन्य कामहरू गर्ने ।

ञ) उप-समितिहरुमध्ये कुनै एक उप-समितिको संयोजक भई कार्य गर्नुपर्ने ।

७) **सहकोषाध्यक्षः**

कोषाध्यक्षको अनुपस्थितिमा

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने,

ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने,

ग) लेखा दुरूस्त राख्ने,

घ) नियमित रूपमा वार्षिक लेखा परीक्षण गराउने,

ङ) संस्थाको आय व्ययको हिसाव दुरुस्त राख्ने र आय व्ययको अनुमान तथा लेखा परीक्षकको प्रतिवेदन कार्य समितिबाट स्वीकृति गराई साधारण सभामा पेश गर्ने,

च) वार्षिक कारोवार सम्बन्धी मामिलामा रेखदेख तथा नियन्त्रण गर्ने तथा त्यस सम्बन्धी आवश्यक निर्देशन दिने,

छ) संस्थाको चल अचल सम्पत्तिको जिम्मा लिने, रेखदेख गर्ने र प्रवर्द्धन गर्न योजना बनाउने,

ज) संस्थाको उद्देश्य आम्दानी वृद्धिका लागि सक्रिय रहने,

झ) नियमावली र विधानमा व्यवस्था भए अनुसार अन्य कामहरू गर्ने ।

८) **सदस्यः**

संस्थाको सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने,

ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने,

ग) कार्यसमितिले खटाएको कुनै पनि काम गर्ने ।

घ) उप-समितिहरुमध्ये कुनै एक उप-समितिको संयोजक भई कार्य गर्नुपर्ने ।

**१८. गणपुरक संख्या :**

१. कूल सदस्य संख्याको ६० (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुन : बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

**१९. संघको कोष :**

१. संघको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बामेजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

   क. सदस्यता बापत प्राप्त प्रवेश शुल्क, सदस्यता शुल्क र नवीकरण शुल्कको रकम ।

   ख. दाताहरुबाट प्राप्त अनुदान एवं सहयोग ।

   ग. कुनै पनि व्यक्ति वा संघ संघहरुबाट तोकिएको कार्यक्रम सञ्चालन गर्न प्राप्त सबै प्रकारका आयहरु ।

२. विदेशी संघ संघ वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संघे नेपाल सरकार अर्थ मन्त्रालय र संघकल्याण परिषदबाट स्विकृती लिईनेछ ।

३. संघमा प्राप्त रकम स्थानिय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**२०. खाता संचालन :** संघको बैंक खाता २ समूह निर्माण गरी संचालन गरिने छ । पहिलो समूहमा अध्यक्ष, कोषाध्यक्ष तथा दोस्रो समूहमा वरिष्ठ उपाध्यक्ष र सह कोषाध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था समेत गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका :** संघको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

   क. संघको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

   ख. साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

   ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

   घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

**२२. लेखा परिक्षण :**

   क. संघको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

   ख. संघको आम्दानी तथा खर्चको लेखा परीक्षण प्रत्येक आर्थिक वर्षमा नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकबाट गरिनेछ ।

   ग. नेपाल सरकार वा स्थानिय अधिकारीले आवश्यक सम्झेमा जुन सुकै वखत आफै वा आफ्ना मातहतका कर्मचारीहरु खटाई संघको हिसाव किताब जाँच गर्न गराउन सक्नेछ ।

   घ. लेखा परीक्षकको नियुक्ती साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ती कार्य समितिबाट हुनेछ ।

   ङ. संघको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति प्रतिवेदन विवरणको एक एक प्रति स्थानिय अधिकारी, जि.वि.स., संघ कल्याण परिषद् र सम्बन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद ७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

### २३. निर्वाचन सम्बन्धी व्यवस्था :

क. कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।

ख. निर्वाचन समितिले प्रचलित परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

ग. निर्वाचन सम्बन्धि विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. निर्वाचन सम्पन्न भएको भोली पल्ट निर्वाचन समितिको स्वत : विघटन हुनेछ ।

### २४. उमेद्वारको योग्यता :

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

क) संस्थापक सदस्य र आजीवन सदस्यहरु उम्मेदवार हुन योग्य मानिनेछ ।

ख) अध्यक्षको उम्मेदवारको लागि कम्तीमा प्राध्यापक वा सम्बन्धित विधामा कम्तिमा १० बर्ष कार्य अनुभव भएको हुनुपर्ने छ ।

ग) वरिष्ठ उपाध्यक्षको उम्मेदवारको लागि कम्तीमा सह-प्राध्यापक वा ८ बर्ष कार्य अनुभव हुनुपर्ने छ ।

घ) उपाध्यक्षको उम्मेदवारको लागि कम्तीमा उप-प्राध्यापक वा ५ बर्षको कार्य अनुभव हुनुपर्ने ।

ङ) महासचिवको उम्मेदवारको लागि कम्तीमा उप-प्राध्यापक वा ५ बर्षको कार्य अनुभव हुनुपर्ने ।

च) सहसचिवको उम्मेदवारको लागि कम्तीमा उप-प्राध्यापक वा २ बर्षको कार्य अनुभव हुनुपर्ने ।

छ) कोषाध्यक्ष उम्मेदवारको लागि कम्तीमा उप-प्राध्यापक वा २ बर्षको कार्य अनुभव हुनु पर्ने ।

छ) सहकोषाध्यक्ष उम्मेदवारको लागि कम्तीमा उप-प्राध्यापक वा २ बर्षको कार्य अनुभव हुनु पर्ने ।

ज) अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहसचिव, सहकोषाध्यक्ष हुनको लागि कम्तिमा एकपटक कार्य समितिमा बसेको अनुभव हुनुपर्ने । उपरोक्त नियम प्रथम साधारण सभा भएको मिति पछि लागु हुनेछ ।

झ) कार्य समितिको सदस्य पदमा उम्मेदवार हुन कम्तिमा १ बर्ष साधारण सदस्य भएको हुनुपर्ने । उपरोक्त नियम प्रथम साधारण सभा भएको मिति पछि लागु हुनेछ ।

ञ) निर्वाचित अध्यक्ष बढीमा २ कार्यकालका लागि मात्र अध्यक्ष पदको उम्मेदवार हुन पाउनेछ ।

### २५. अविश्वासको प्रस्ताव :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्याई संघमा दर्ता गर्नुपर्नेछ ।

   क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

   ख. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

   ग. साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा एक चौथाई सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२. उपदफा १ बमोजिम संघमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संघको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईनेछ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

क. साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाई राख्न अनुमति दिनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

   क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

   ख. साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कूल सदस्य संख्याको दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको छ महिना नपुगी वा प्रस्ताव विफल भएको छ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन: अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

## २६. विधान संशोधन :

संघको विधान संसोधन गर्नु परेमा साधारण सभा का सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले निर्णय गरी निर्णयको प्रतिलिपि सहित स्थानिय अधिकारी समक्ष पेश गर्नु पर्नेछ । स्थानिय अधिकारीबाट स्वीकृत भएपछि मात्र संशोधित विधान लागु हुनेछ ।

## २७. नियम बनाउन सक्ने :

क. यस विधानको उद्देश्य परिपुर्ति गर्न कार्यसमितिले विधानको परीधी भित्र रही आवश्यक नियम तथा विनियमहरु बनाउन सक्नेछ । त्यस्तो नियम तथा विनियमहरु साधारण सभाबाट अनुमोदित भएपछि लागू हुनेछ र सो को जानकारी स्थानिय अधिकारीलाई समेत दिनु पर्नेछ ।

ख. यो विधान र विधान अन्तर्गत बनेका नियमको अधिनमा रहि संघको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## २८. संघको शाखा :

१) यस संघको विधान बमोजिम नेपाल इमरजेन्सी सोसाइटीलाई शाखाको रुपमा मान्यता प्रदान गर्न सकिने छ ।

२) यस संघको नियमानुसार आवश्यकता अनुसार शाखा कार्यालयहरुलाई बिस्तार गर्न सकिनेछ ।

## २९. कर्मचारीको व्यवस्था :

क) संघको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधी तोकिए बमोजिम हुनेछ ।

ख) संघे विदेशी सहयोग प्राप्त गरी संघको संचालन गर्ने, कार्यान्वयन गर्न विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुर्‍याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानिय अधिकारी, जिल्ला विकाश समिति र संघ कल्याण परिषद्मा समेत जानकारी गराईनेछ ।

## ३०. संघ खारेजी :

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संघको खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संघको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संघको हिसाव किताव गर्नको लागि एक वा एक भन्दा बढी लेखा परीक्षकहरु नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटरहरु र लेखा परीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणबस संघ विघटन भई खारेज भएमा संघको दायित्व फरफारक गरी बाँकी रहने सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ ।

## ३१. व्याख्या :

यो विधान र विधान अन्तर्रगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

## ३२. गोप्यता भंग गर्न नहुने :

यस संघका कुनै पनि पदाधिकारी वा सदस्यले संघको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

## ३३. ऐन अनुसार हुने :

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संघ दर्ता ऐन नियम र कानूनसँग बाफिन गएमा बाफिएको हदसम्म स्वत : निस्कृय हुनेछन् ।

## ३४. निर्देशनको पालना :

नेपाल सरकार र स्थानिय अधिकारीले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संघको कर्तव्य हुनेछ ।

## ३५. निर्देशनको पालना :

१. यो संघ स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले छ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानिय अधिकारीलाई दिईनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहिहरु यसै विधान सरह भएको मानिनेछ ।

३. हामी प्राथमिक चिकित्सक तथा आकस्मिक चिकित्सा संघ नेपालका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं ।

## अनुसुचि १

संघको छापको नमुना :

General Practice & Emergency Medicine Association Of Nepal

# अनुसुचि २

**संस्थापक सदस्यहरुको नामावली :**

| क.स. | संस्थापकको नाम ठेगाना र सहिछाप | साक्षीको नाम, ठेगाना र सहिछाप |
|---|---|---|
| १. | नाम थर :- डा. भरत कुमार यादव<br>ठेगाना :- - सप्तरी जिल्ला हनुमाननगर कंकालिनी वडा नं ४ घर स्थायी घर भई **हाल ल.पु म.न. पा. वडा नं. ५**<br>हस्ताक्षर :- | नाम थर :- मिलन चन्द्र खनाल<br>ठेगाना :- का.जि.का.म.न.पा.वडा नं २८ ।<br>हस्ताक्षर :- |
| २. | नाम थर :- डा. सिताराम श्रेष्ठ<br>ठेगाना :- सिद्धिपुर ८ ललितपुर<br>हस्ताक्षर :- | नाम थर :- आशिष श्रेष्ठ<br>ठेगाना :- का.जि.का.म.न.पा.वडा नं १० ।<br>हस्ताक्षर :- |
| ३. | नाम थर :- डा. दिनेश कुमार लम्साल<br>ठेगाना :- रुपन्देही जिल्ला करहिया वडा नं. ५ घर भई<br>**हाल का.जि.का.म.न. पा.वडा नं १०**<br>हस्ताक्षर :- | नाम थर :- डा. बिमल पाण्डे<br>ठेगाना :- ल.पु. वडा नं. ५ पाटन<br>हस्ताक्षर :- |
| ४. | नाम थर :- डा. यज्ञराज पोखरेल<br>ठेगाना :- मेची नगर ७ झापा स्थायी घर भई हाल<br>**हाल ल.पु म.न. पा. वडा नं. ५**<br>हस्ताक्षर :- | नाम थर :- कृष्णा महत<br>ठेगाना :- **ल.पु म.न. पा. वडा नं. ५**<br>हस्ताक्षर :- |
| ५. | नाम थर :- डा. बिश्व दवाडी<br>ठेगाना :- लमजुङ बीचौर १ स्थायी घर भई **हाल का.जि.का.म.न. पा.वडा नं.१६**<br>हस्ताक्षर :- | नाम थर :- थल प्रसाद चौलागाई<br>ठेगाना :- का.जि.का.म.न.पा.वडा नं २८ हस्ताक्षर :- |
| ६. | नाम थर :- डा. न्हुच्छेमान डंगोल<br>ठेगाना :- का.म.न.पा. १३<br>हस्ताक्षर :- | नाम थर :- डा. सिर्जना गौचन<br>ठेगाना :- ल.पु. वडा नं. ५ पाटन<br>हस्ताक्षर :- |

| | | |
|---|---|---|
| ७. | नाम थर :- डा. राम प्रसाद न्यौपाने<br>ठेगाना :- चितवन जिल्ला भरतपु वडा नं. २० स्थायी घर भई<br>हाल का.म.न.पा. ५ महाराजगञ्ज<br>हस्ताक्षर :- | नाम थर :- डा. निरज हिराचन<br>ठेगाना :- ल.पु. वडा नं. ५ पाटन<br>हस्ताक्षर :- Niroj |
| ८. | नाम थर :- डा. केदार सेन्चुरी<br>ठेगाना :- सप्तरी जिल्ला फत्तेपुर वडा नं. ४ घर भई<br>**हाल का.जि.का.म.न. पा.वडा नं. २८**<br>हस्ताक्षर :- | नाम थर :- डा. सुनिल अधिकारी<br>ठेगाना :- ल.पु. वडा नं. ५ पाटन<br>हस्ताक्षर :- SU |
| ९. | नाम थर : डा. संजिव तिवारी<br>ठेगाना :- लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ६ स्थायी घर भई<br>हाल का.जि.का.म.न. पा.वडा नं. ५ त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्ज<br>हस्ताक्षर :- | नाम थर :- प्रवेश लामिछाने<br>ठेगाना :- का.म.न.पा. वडा. नं. २८<br>हस्ताक्षर :- |
| १०. | नाम थर :- डा. सुरेश नेपाल<br>ठेगाना:- कपिलवस्तु जिल्ला हथौसा वडा नं. ७ स्थायी घर भई<br>हाल का.जि. का.म.न.पा. वडा नं ४<br>हस्ताक्षर :- | नाम थर :- डा. योगेन्द्र अमात्य<br>ठेगाना :- ल.पु. वडा नं. ५ पाटन<br>हस्ताक्षर :- YA |
| ११. | नाम थर :- डा. तिर्थ मान श्रेष्ठ<br>ठेगाना :- नागार्जुन नगरपालिका वडा नं ३<br>हस्ताक्षर :- | नाम थर :- डा. सुरज रिजाल<br>ठेगाना :- ल.पु. वडा नं. ५ पाटन<br>हस्ताक्षर :- SR |